जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ९६ २०८२ साल कात्तिक २५ गते मंगलबार (11 Nov 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : भैरहवा अन्तरराष्ट्रिय विमानस्थल... ३ पृष्ठमा : आगामी निर्वाचनबारे ... ३ पृष्ठमा :जलवायु परिवर्तनले लाखौं...

## गजेन्द्रनारायण सिंह अस्पतालमा नवजात शिशु घाइते प्रकरण

# चिकित्सकमाथी हातपात र तोडफोड भएपछी अस्पतालका सेवा ठप्प

**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालको आकस्मिक सेवा बाहेक सबै सेवा ठप्प भएको छ ।

आइतबार साँझ एनआईसियू कक्षमा अचानक विद्युतीय सर्ट भई झरेको बल्बबाट भर्ना रहेका एक नवजात शिशु घाईते भएपछी आफन्तद्वारा गरिएको तोडफोड र चिकित्सकमाथी गरिएको हातपातको बिरोधमा अस्पतालबाट प्रवाह हुने सेवाहरु ठप्प भएको हो ।

तोडफोड र चिकित्सकमाथी हातपात गर्नेहरुलाई कारवाही र सुरक्षाको माग गर्दै चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले आकस्मिक बाहेकका सबै सेवाहरु आइतबार रातीदेखी नै ठप्प पारेका हुन् ।

अस्पताल प्रशासनले सोमवार एक सूचना प्रकाशित गरेर चिकित्सक माथी हातपात तथा अस्पतालको विभिन्न फाँटमा तोडफोड गर्नेहरुलाई पक्राउ तथा सुरक्षाको पूर्ण प्रत्याभुती नगराए सम्म आकस्मिक कक्ष बाहेक अन्य सेवा सूचारु गर्न असमर्थ हुने जनाएका छन ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी डम्बर बहादुर पुरीले घट्नामा संलग्न मध्येका चार जनालाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भईरहेको तथा अस्पतालमा थप कुनै अप्रिय घटना हुन नदिन आवश्यक सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए ।

घटना विवरण अनुसार आईतवार साँझ सप्तरीको रुपनी गाउँपालिका ३ हर्दिया टोलकी रेखा यादवले जन्म दिएकी नवजात शिशुलाई स्वास्थ्य समस्या देखिएपछि अस्पतालको एनआईसियू कक्षमा भर्ना गरिएको थियो । साँझ पख अचानक सर्ट सर्किट भई झरेको बल्बले नवजात शिशुको टाउको र गालामा जलन भएको थियो ।

उक्त घटना पछी आक्रोशित आफन्तले तोडफोड, चिकित्सकलाई गालीगलौज र निमित्त मेसू डा. दिलिप साहमाथी हातपात गर्न थालेपछी भागाभाग मच्चिएको थियो । जसकारण रातभर अस्पताल चिकित्सक विहीन बन्न पुगेको थियो ।

घाईते नवजात शिशुलाई तत्कालै एम्बुलेन्सको व्यवस्था गरी थप उपचारका लागी विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुऱ्याइएको र स्वास्थ्य अवस्था निकै सुधारोन्मुख रहेको अस्पताल प्रशासनले जनाएको छ ।

एनआईसियू कक्षमा अचानक विद्युत सर्टभई उक्त घटना हुदा घाईते सहित चार नवजात शिशु भर्ना रहेका थिए । सबैलाई ड्यूटीमा रहेका नर्सहरुले सकुशल उद्धार गरेको निमित्त मेसू साहले जानकारी दिए ।

उनले विद्युत सर्किटको अवरोधको समस्या देखिएपछी अहिले प्राविधिक मार्फत अस्पतालको सम्पूर्ण विभागको विद्यूतिय उपकरणको चेकजाँच र मरमतको कार्य सूरु गरिएको जनाएका छन ।





एनआईसियू कक्षमा अचानक सर्ट सर्किट भई झरेको बल्बबाट घाइते भएका नवजात शिशु । घटनापछी तोडफोड गरिएको अस्पतालको दृश्य ।
*तस्बिर : राजविराज दैनिक*

## नयाँ मुख्यमन्त्री नियुक्तिको विरोध



**दैनिक समाचारदाता**
**जनकपुर, २४ कात्तिक ।**

मधेस प्रदेशका नवनियुक्त मुख्यमन्त्री सरोजकुमार यादवले सोमबार बिहान पदभारग्रहण गर्ने कार्यक्रम सार्वजनिक भएसँगै जनकपुरधाममा सात दलका नेता तथा कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका छन् ।

उनीहरूले बिहानदेखि मधेश प्रदेश भवन अगाडी टायर बालेर विरोध प्रदर्शन गर्नुका साथै मधेस प्रदेश प्रमुखको कार्यालय अगाडि भएको गमला सहितको संरचनामा तोडफोड गरेर नाराबाजी गरेका हुन् ।

प्रदर्शनकारीहरूले गेटअगाडि राखिएका गमला तथा स्वागतका लागि राखिइएको पितलको गाग्रोहरू तोडफोड गरेका छन् । प्रदर्शनका क्रममा उनीहरूले प्रदेश प्रमुखको विरुद्धमा चर्को नाराबाजी गरेका थिए । प्रदर्शनकारीहरूको एक समूहले कार्यालयको प्रवेशद्वारमा रहेका सजावटी गमलाहरूमा क्षति पुर्‍याएका छन् ।

यस्तै विपक्षी राजनीतिक दलसम्बद्ध कार्यकर्ताले जनकपुरस्थित विभिन्न मन्त्रालयका फर्निचरलगायतका सामग्री तोडफोड गरेका छन् । उनीहरूले प्रदेशअन्तर्गतका मन्त्रालयहरूमा तालाबन्दी पनि गरेका छन् ।

जनकपुर बजारका विभिन्न ठाउँमा टायर बालेर विरोध प्रदर्शनमा उत्रेका विपक्षी नेता तथा कार्यकर्ताहरू प्रदेश प्रमुख सुमित्रादेवी भण्डारी र नवनियुक्त मुख्यमन्त्री यादवको विरोधमा नाराबाजी गरेका छन् ।

यसैबीच लोसपा प्रदेश संसदीय दलका नेता जेनुल राइनले मुख्यमन्त्री नियुक्तिमा प्रदेश प्रमुख भण्डारीको भूमिका शङ्कास्पद भएको आरोप लगाउँदै मुख्यमन्त्री नियुक्तिको राजनीतिक र कानुनी रुपमा प्रतिवाद गर्ने बताए ।

यता, जिल्ला प्रशासन कार्यालय धनुषाले संयमित भई विरोधका कार्यक्रम गर्न आग्रह गरिहेको, तनावको वातावरण अन्त्य गर्न अधिकतम प्रयास गरिरहेको र मानवीय तथा भौतिक क्षति हुन नदिन संयम अपनाइरहेको स्पष्ट गरेको छ ।

## मधेशको मुख्यमन्त्रीमा यादव नियुक्त

**दैनिक समाचारदाता**
**जनकपुर, २४ कात्तिक ।**

मधेश प्रदेशको मुख्यमन्त्री पदमा सरोजकुमार यादव नियुक्त भएका छन् ।

प्रदेश प्रमुख सुमित्रा सुवेदीले संविधानको धारा १६८ को उपधारा ३ अनुसार नेकपा (एमाले) मधेश प्रदेश संसदीय दलका नेता यादवलाई मुख्यमन्त्री नियुक्त गरेकी हुन् ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं ।**

मधुमेहले,
- शरीरका बिभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### रोजगारीका राज्यको हरेक निकाय गम्भिर होऔ

बेराजगारी समस्याले जडो गाड्दै गएको छ । रोजगारको अवस्था सृजना हुन नसक्दा अहिले मुलुकका सयौं यूवाहरु विदेश पलायन हुने दिनप्रति दिन बढ्दै गएको छ । हाम्रो देशका यूवाहरु आफ्नो देशमा नभइकन अन्य मुलुकमा श्रमदान गर्न बाध्य छन् । देश निर्माणदेखी आन्तरिक कार्यहरुमा यूवाहरुको महत्वपूर्ण भुमिका रहेको कुरालाई बिर्सनु हुन्न् । यसका लागि उनीहरुलाई देशमै उचित प्रशिक्षण दिएर सीपमुलक कार्यमा लगाएमा समाज परिवर्तनको सम्वाहकको रुपमा प्रयोग गर्न सकिन्छ । देश विकासका लागि युवा शक्तिलाई अहम मानिन्छ ।

समाजमा कुनै परिवर्तन ल्याउनका लागि अहिलेको परिवेशमा यूवाहरु नै उत्तम विकल्प समेत रहेको छ । उनीहरुको जोश, जागर र महिनेतले सामाजमा परिवर्तन ल्याउन सक्छ । स्वदेशमै रोजगारीको अवसर सृजना गरेर युवाहरुको सीपको सदुपयोग गर्न सक्नु पर्छ । समाज, टोल, नगर, गाउँ, जिल्ला, प्रदेश वा राष्ट्रको विकासमा यूवा जनशक्तिलाई परिचालन गरेर विकासीय कार्यलाई समेत तिब्रता दिन सकिन्छ । उनीहरुको आफ्नो सीप अनुसारको दक्षतालाई अनुकरण गरेर राज्यले दीर्घकालिन नीति बनाउनु आवश्यक छ ।

तीनै तहका सरकारले यूवाहरुका लागि रोजगारीको विकल्पलाई खुलाउन गम्भिरतापूवर्क नीति बनाउनु आवश्यक छ । तसर्थ युवाहरुलाई स्वदेशमै रोजगारी दिने बारे राज्यको हरेक निकाय गम्भिर हुनु अति आवश्यक छ ।


डा. भगवती यादव

Dr. Bhagwati Yadav

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# भैरहवा अन्तरराष्ट्रिय विमानस्थल नजिकै हुँदा पनि किन भारततिर मोडिन्छन् विमान ?

भैरहवा, २४ कात्तिक (रासस) ।

शनिबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको धावनमार्गमा रहेको 'एयर फिल्ड लाइटिङ' प्रणालीमा समस्या आउँदा उडान र अवतरण करिब साढे ५ घण्टा प्रभावित भयो । सो अवधिमा कोरियन एयरको विमान दिल्ली र फ्लाई दुबईको विमान लखनऊ डाइभर्ट भएको थियो ।

शनिबार मात्र हैन गत वर्ष वैशाख ११ गते फ्लाई दुबईको विमान त्रिभुवन विमानस्थलबाट उडान भर्ने क्रममा इन्जिनमा आगो लागे पनि विमानका पाइलटले नेपालमा तीनवटा अन्तरराष्ट्रिय विमानस्थल भए पनि यहाँ अवतरणमा चासो देखाएनन् । विमान भैरहवाकै आकाश हुँदै आफ्नो गन्तव्यतर्फ लागेको थियो । गत वर्षकै फागुन १४ गते काठमाडौँको मौसम खराब भएर भारतको नयाँ दिल्लीबाट काठमाडौँ आएको भिस्तारा एयरको विमान र दुबईबाट काठमाडौँ उडेको फ्लाई दुबईको विमान भारतको पनि लखनऊ डाइभर्ट भएका थिए ।

यी घटना प्रतिनिधिमूलक घटना मात्र हुन् । नेपाल आउने अन्तरराष्ट्रिय विमानहरूले विमान डाइभर्ट गर्नुपरे वा आकस्मिक अवतरण गराउन परे नेपाली विमानस्थलभन्दा नेपाल बाहिरकै विमानस्थललाई प्राथमिकतामा राख्ने गरिएको छ ।

यद्यपी नेपाल आउने प्रत्येक अन्तरराष्ट्रिय विमानहरूले वैकल्पिक विमानस्थल चयन गर्नुपर्ने हुन्छ । प्रायः सबै विमानहरूले वैकल्पिक विमानस्थलको रूपमा भैरहवामा रहेको गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई राख्ने गरेका पनि छन् । वैकल्पिक विमानस्थलमा परे पनि अहिलेसम्म यहाँ एयर चाइनाको विमान तीनपटक मात्र डाइभर्ट भएको छ ।

विसं २०७९ जेठ १ गते, गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आए पनि पर्यटक लक्षित गरिएको खोलिएको यो विमानस्थल पूर्ण रूपमा सञ्चालन हुन नसक्दा निराश हुनुपर्ने अवस्था छ । यस विमानस्थलमा विमान नियमित हुन सकिरहेका छैनन् । नियमित मात्र हैन आकस्मिक रूपमा अवतरणका लागि पूर्णतया तयार हुँदा पनि यो विमानस्थलले अहिलेसम्म एयर चाइनाका बाहेक अन्य डाइभर्ट विमान अवतरण गराउन सकेको छैन ।

भैरहवा विमानस्थलमा आकस्मिक उडान गरेर राति होल्ड हुनुपर्‍यो भने यात्रुलाई कहाँ राख्ने, चालक दलका सदस्यलाई कसरी व्यवस्थापन गर्ने र दोस्रो दिन उडान गर्नुअघि विमान जाँच कसले गर्ने भन्ने विषय निश्चित नभएकाले पनि विमानहरू यहाँ आउन नचाहेको जानकारहरू बताउँछन् । भैरहवा विमानस्थल नियमित सञ्चालन भएर सहजै यस्ता सुविधा प्राप्त नहुँदासम्म काठमाडौँमा अवतरण हुन नसकेका विमान भैरहवामा अवतरण गराउन सकिँदैन ।

यसबाहेक नेपाल भारतमा इन्धनको मूल्यमा रहेको असमानताले पनि डाइभर्ट उडान भैरहवामा अवतरण गराउन बाधा गरेको छ । नेपालको तुलनामा भारतमा हवाई इन्धनको मूल्य सस्तो छ । नेपालमा हवाई इन्धनको मूल्य ९७३ डलर प्रतिहजार लिटर रहेको छभने भारतमा सोही परिमाणको इन्धनको मूल्य ८१७ डलर मात्र रहेको छ । ठूलो परिमाणमा इन्धन राख्ने विमानहरूलाई भारतको इन्धनको कारण लाखौँ बचत हुने भएकाले पनि उनीहरूको रोजाइमा गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल पर्दैन ।

दूरी र समयको हिसाबले लखनऊभन्दा गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थल नजिक हो । दूरीका हिसाबले काठमाडौँबाट भैरहवा गएर ल्यान्ड गर्नुभन्दा लखनऊ गएर ल्यान्ड गर्न भने १४२ नौटिकल माइल बढी पर्छ । तर तत्कालको अवस्थामा विदेशी एयर कम्पनीका जहाजले मात्रै होइन नेपाल एयरलाइन्सका जहाजले समेत काठमाडौँबाट डाइभर्ट भएका जहाज गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको सट्टा लखनऊ लैजाने गरेका छन् ।

विमानस्थल स्रोतका अनुसार बाहिर हल्ला भए जस्तो रुटकै समस्याको कारण विदेशी विमानहरू नआएकामा सत्यता छैन । विमानहरूलाई काठमाडौँभन्दा भैरहवाको विमानस्थलमा अवतरण गर्न सहज र कम खर्चिलो हुने जानकारहरूको भनाइ छ ।

सिमराबाट छिरेका विमानलाई काठमाडौँ जानुभन्दा सहज भैरहवा आउन हुन्छ । दूरीमा दृष्टिले केही टाढा रहे पनि काठमाडौँजस्तो अवरोध यहाँ छैन । आकाशमा ट्राफिकका कारण विमान अवतरण हुन नसके यसले थप खर्च बढाउँछ, यहाँ त्यस्तो कुनै समस्या छैन । यसबाहेक लिमा ६२६ हुँदै बाहिर उड्ने विमानहरूलाई भैरहवाबाट उड्दा पनि दूरी छोटिने सुविधा पनि रहेको छ ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहका अनुसार दक्ष जनशक्तिको कमी नै यहाँ विमान डाइभर्ट हुन नसक्नुको मूल कारण हो । "भैरहवाको तुलनामा लखनऊ र अन्य अन्तरराष्ट्रिय विमानस्थलहरूमा यस्ता दक्ष प्राविधिक जनशक्ति तयारी अवस्थामा रहेका हुन्छन्, भैरहवामा ग्राउन्ड ह्यान्डलिङको टिम भए पनि इन्जिनियरको टिम छैन छैन," साह बताउँछन् ।

सुविधाको दृष्टिले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा काठमाडौँभन्दा धेरै सुविधा रहेको छ । विमानस्थलका प्रवक्ता साहका अनुसार भैरहवा विमानस्थलमा अन्तरराष्ट्रिय वायु सेवाहरूलाई आकर्षित गर्न २०८३ भदौ मसान्तसम्म यात्रु सेवा शुल्क, पार्किङ, ल्यान्डिङ र न्याभिगेसन सेवा शुल्कमा शत्प्रतिशत छुट प्रदान गरिएको छ । ग्राउन्ड ह्यान्डलिङ सेवामा ७५ प्रतिशतसम्म छुट छ । हवाई इन्धनको मूल्य ब्रेक इभन प्वाइन्टमा निर्धारण गरी बिक्री गरिएको छ । यो भनेको काठमाडौँको तुलनामा सरदर करिब एक डलर प्रतिकिलोलिटर हुन आउँछ ।

विमानस्थल सञ्चालनका लागि क्षेत्रीय स्तरमा भन्दा पनि राज्यस्तरबाट पहल नभएको गुनासो स्थानीय अगुवाहरूको रहेको छ । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्षसमेत रहेका स्थानीय ठाकुरकुमार श्रेष्ठले अहिले पनि 'कूटनीतिक पहल नपुगेको' टिप्पणी गर्नुभयो । उहाँले शनिबारको घटनाले दुईवटा वैकल्पिक अन्तरराष्ट्रिय विमानस्थल भए पनि त्यो देखाउनकै लागि निर्माण गरेको जस्तो भएको बताउनुभयो ।

नेपालले अन्तरराष्ट्रिय विमानस्थलको सङ्ख्या बढाए पनि तिनको उपयोगिता र सञ्चालनमा देखिएको उदासीनताले राष्ट्रको छविलाई गम्भीर धक्का दिएको उहाँको भनाइ छ । पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलहरूमा अर्बौंको लगानी भए पनि, हालसम्म यी विमानस्थलहरूमा नियमित अन्तरराष्ट्रिय उडानहरू सञ्चालन हुन सकेका छैनन् । यी दुवै विमानस्थलहरूलाई मुख्यतयाः घरेलु उडानहरू मात्रै धानिरहेका छन् ।

विमानस्थल सञ्चालनका लागि अहिले वैदेशिक रोजगार व्यवसायीहरूको उपस्थिति नहुनु र अन्तरराष्ट्रिय उडान धान्न सक्ने सक्षम ट्राभल व्यवसायी नहुनु पनि विमानस्थल नियमित सञ्चालन हुन नसक्नुको कारक तत्वका रूपमा रहेका छन् । यात्रुहरूलाई अझै पनि यस्का लागि काठमाडौँकै भर पर्नु परिरहेको छ । यसका लागि निजी क्षेत्रले नै पहल गर्नुपर्ने विमानस्थल पक्षको भनाइ छ ।

अप्रिल २०२५ यता गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल ठप्प रहेको थियो । यसै महिनादेखि भने एयर एसियाले सातामा दुईवटा उडान गरिरहेको छ । विमानस्थलका प्रवक्ता साहका अनुसार उडान रोकिए यता सातवटा चार्टड उडान मात्र भएको छ । विमानस्थलमा गत वर्ष 'विन्टर शेड्युल' मा १२ हजार ७८७ यात्रुको आगमन भएको थियो भने ११ हजार १११ जना यहाँबाट उडेका थिए ।

विसं २०२१ मा घाँसे हवाई मैदानबाट सुरु भएको भैरहवाको विमानस्थल २०२३ सालमा आन्तरिक विमानस्थलका रूपमा हालको स्थानबाट सञ्चालन रहेको छ ।

# निर्वाचन कानुनमा ५० प्रतिशत महिला उम्मेदवार सुनिश्चित गर्नुपर्ने माग

काठमाडौँ, २४ कात्तिक (रासस) ।

पहिलो संविधानसभाका चार सभासद्सहितको टोलीले निर्वाचन कानुनमा ५० प्रतिशत महिला उम्मेदवार सुनिश्चित गर्नुपर्ने माग गरेको छ ।

सभासद् रेणु चन्द, डा बिन्दा पाण्डे, अमृता थापामगर, सुनीलबाबु पन्तलगायतको टोलीले आइतबार प्रधानमन्त्री सुशीला कार्कीसँग भेट गरी प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ नै ५० प्रतिशत महिला उम्मेदवार उठाउन कानुनमा नै सुनिश्चित गर्नुपर्ने माग गरेको हो ।

सोही अवसरमा प्रधानमन्त्री कार्कीले प्रतिनिधिमण्डलले अघि सारेका मागबारे मन्त्रिमण्डलमा छलफल गर्ने आश्वासन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले जानकारी दिनुभयो । उहाँले निर्वाचन खर्चिलो हुन नदिने उपायतर्फ पनि सोच्नुपर्ने धारणा राख्नुभएको थियो । खर्चिलो निर्वाचनका कारण पनि भ्रष्टाचार र चुनावी बेथिति बढेको उहाँको भनाइ थियो ।

संविधानले समानुपातिक समावेशीको सिद्धान्त अवलम्बन गरेको भए पनि निर्वाचन कानुनले संविधानको यो मर्म आत्मसात् गर्न नसकेकाले अध्यादेश ल्याएर भए पनि सच्याउनुपर्ने सभासद्हरूको माग छ ।

सभासद् डा पाण्डेले भन्नुभयो, "कानुनमा बाध्यकारी व्यवस्था नभएकाले दलहरूले प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलालाई टिकट नै दिँदैनन् । यही कारण संसद्मा महिला प्रतिनिधित्व सन्तोषजनक हुन सकेको छैन, अब ५० प्रतिशत महिलालाई उम्मेदवार बनाउनुपर्ने अनिवार्य व्यवस्था हुनुपर्छ । त्यसभित्र दलित, जनजाति र अन्य अल्पसङ्ख्यक समुदायको पनि प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ ।"

प्रतिनिधिमण्डलमा अधिकारकर्मी उषाकिरण तिम्सेना, सम्झना पौडेल, प्रतीक्षा चापागाईंलगायतको सहभागिता थियो ।

# आगामी निर्वाचनबारे पूर्वपदाधिकारीसँगको परामर्शमा आयोग

काठमाडौँ, २४ कात्तिक (रासस)। निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा र राष्ट्रियसभाको निर्वाचनलाई लक्षित गरी आयोगका पूर्वपदाधिकारी र पूर्वसचिवसँग परामर्श गरेको छ। कान्तिपथस्थित आयोगको केन्द्रीय कार्यालयमा सोमबार आगामी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र मितव्ययी तुल्याउन विगतका अनुभव प्राप्त गर्ने उद्देश्यले उहाँहरूसँग परामर्श गरेको हो।

जेनजी आन्दोलनको भावनाअनुरूप चुनावी अन्तरिम सरकार गठन भई आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुँदैछ। यस्तै १९ सदस्य पदका लागि आगामी माघ ११ राष्ट्रियसभाको निर्वाचन हुँदैछ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको अध्यक्षतामा भएको परामर्शमा आयुक्तद्वय सगुनशम्शेर जबरा र डा जानकी तुलाधर, पूर्वप्रमुख निर्वाचन आयुक्तहरू सूर्यप्रसाद श्रेष्ठ, नीलकण्ठ उप्रेती, दोलखबहादुर गुरुङलगायत र आयोगका पूर्वसचिवहरू मधु रेग्मी, भरतमणि सुवेदी, सुरेश अधिकारी, रविराज पन्तलगायत सहभागी हुनुहुन्छ।

परामर्श बैठकको प्रारम्भमा आयोगका सचिव महादेव पन्थले यसअघिका निर्वाचन व्यवस्थापनमा भएका अनुभव तथा आइपरेका समस्या र चुनौती समाधानमा खेलिएको भूमिकासम्बन्धी अनुभव आदानप्रदान गर्न कार्यक्रम आयोजना गरिएको बताउनुभयो। तोकिएको निर्वाचन समयमा नै सम्पन्न गर्न मुलुकभर रहेका आयोगका कार्यालयहरूमा रिक्त पदमा पदपूर्ति गरिसकिएको जानकारी दिँदै उहाँले निर्वाचन सुरक्षाका लागि सुरक्षा सङ्गठनको बैठक बसिरहेको बताउनुभयो।

"अनुभव आदानप्रदानले निर्वाचन व्यवस्थापनमा सुधार र नवीन सोच अघि बढाउन प्रेरणा दिने भएकाले पूर्वपदाधिकारीको ज्ञान र अनुभवन महत्त्वपूर्ण हुन्छ", उहाँले भन्नुभयो, "आगामी निर्वाचन संवैधानिक दायित्व मात्र नभई लोकतान्त्रिक अभ्यासको आधारस्तम्भ हो।"

आयोगमा हालसम्म १२५ दल दर्ता भएका छन्। केही दल दर्ताका प्रक्रियामा रहेको आयोगले जनाएको छ। चालु आवमा नयाँ तीन दल दर्ता भएका सचिव पन्थले जानकारी दिनुभयो।

प्रतिनिधिसभाको निर्वाचनका लागि अनुकूल वातावरण निर्माणका लागि आयोगले खेल्नुपर्ने भूमिका र ध्यान दिनुपर्ने विषय, निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि चाल्नुपर्ने कदम विषयमा छलफलबाट महत्त्वपूर्ण सुझाव प्राप्त हुने उहाँले बताउनुभयो।

# "इनड्राइभसँग यात्रा तपाईंकै रोजाइमा"




इनड्राइभको प्रमुख मूल्य मान्यताहरु "स्वतन्त्रता, समानतार समुदाय" लाई प्रतिबिम्बित गर्छ। प्रत्येकयात्रा सशक्तिकरण र पारदर्शिताबाट सुरु हुनुपर्छ, जहाँचालक र यात्रु दुवैको समान अधिकार हुन्छ भन्ने हाम्रो विश्वास रहेको छ। इनड्राइभ सधैं समुदायलाई वास्तविक रोजाइको स्वतन्त्रता दिएर सशक्त बनाउने पक्षमा रहँदै आएको छ। यस क्याम्पेन मार्फत हामी निष्पक्ष मोबिलिटी र पारदर्शिताप्रतिको हाम्रो प्रतिबद्धता अझ सुदृढ गर्न चाहन्छौं। नेपालका प्रत्येक चालक र यात्रुहरुले उनीहरूको रोजाइ साँच्चै महत्वपूर्ण छ भन्ने महसुस गरुन भन्ने हामी चाहन्छौं।"

**दैनिक समाचारदाता**
**काठमाडौं, २४ कात्तिक।**

ग्लोबल मोबिलिटी एण्ड अर्बन सर्भिसेज प्लेटफर्म इनड्राइभले नेपालमा नयाँ क्याम्पेन "इनड्राइभ सँग यात्रा तपाईंकै रोजाइमा" सुरु गरेको छ। यो क्याम्पेनले कम्पनीको केन्द्रीय मूल्यमान्यताहरु स्वतन्त्रता, निष्पक्षता र पारदर्शितालाई उजागर गर्ने इनड्राइभले सोमबार जारि गरेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा, "इनड्राइभको यो अभियानले यसको पियर-टु-पियर मोडललाई आत्मसात गर्दछ, जसले यसलाई विश्वकै सबैभन्दा पारदर्शी राइड-हेलिङ प्लेटफर्मको रूपमा चिनाउँछ। अरु प्लेटफर्महरू भन्दा भिन्न रहेर इनड्राइभले यात्रु र चालक दुवैलाई समान सशक्तिकरण प्रदान गर्दै आपसी सहमतिमा भाडा तय गर्ने स्वतन्त्रता प्रदान गर्दछ। यस मोडलअन्तर्गत यात्रुहरुले आफ्नै भाडा प्रस्तावगर्न सक्नुको साथै सवारीको मोडल, चालकको रेटिङ र आउन लाग्ने समयका आधारमा उपलब्ध प्रस्तावहरू मध्ये रोजेर राइड लिन सक्ने छ।" उल्लेख छ।

समानता, सम्मान र आपसी निर्णय प्रक्रियालाई सुदृढ बनाउँदै प्रत्येक यात्राको केन्द्रमा "रोजाइको स्वतन्त्रता" लाई राखेको छ। इनड्राइभको सिद्धान्त नै प्रयोगकर्ताहरुलाई आफ्नो यात्रामाथि अधिकार र नियन्त्रण दिनु हो। अभियानको मुख्य भूमिकामा चर्चित कलाकार स्वस्तिमा खड्कालाई प्रस्तुत गरिएको छ। यसमार्फत इनड्राइभले स्वतन्त्रता, मौलिकतार सशक्तिकरणलाई प्राथमिकता दिने नेपाली युवापुस्ता सँग अझ गहिरो सम्बन्धकायम गरेको उल्लेख छ।

इनड्राइभ नेपालकी कन्ट्री रेप्रेजेन्टेटिभ रीता पोखरेल भनिन्, "हाम्रो क्याम्पेन इनड्राइभ सँग यात्रा तपाईंकै रोजाइमा" ले

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी

राजविराज

प.सं. २०८२/०८३
मिति: २०८२/०७/२४
च.नं. २०६२

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।

महरग दास बाबु लाल नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे हरिरवा रैती नं. १४५ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. नकटीरायपुर वडा नं. ५ हाल परिवर्तित रुपनी गा.पा. वडा नं. २ बस्ने कोकन चौधरीको यस कार्यालयमा द.नं. ११५३३ मिति २०८१/११/०२ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्ने मिति २०८२/०७/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोर। सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १०७२ | नकटीरायपुर | ४क | १२९ | ०-३-५ | महरग दास बाबु लाल | फिल्डबुक को जग्गाधनी महलमा रौदी चौधरी र मनी चौधरीको नाम उल्लेख रहेको |

श्री किशोर कुमार राम
कार्यालय प्रमुख

## विश्व समाचार

### जलवायु परिवर्तनले लाखौं विस्थापीत : संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सी

जेनेभा, २४ कात्तिक (रासस/क्यूएनए)।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्त (युएनएचसीआर) ले जलवायु परिवर्तनको कारण विश्वभर लाखौं मानिसहरु विस्थापित भएको पुष्टि गरेको छ। ब्राजिलमा ३० औं संयुक्त राष्ट्र जलवायु परिवर्तन सम्मेलन (कोप-३०) हुनु अघि जारी गरिएको एक प्रतिवेदनमा युएनएचसीआरले विगत एक दशकमा मौसम सम्बन्धी प्रकोपहरुले लगभग २५ करोड आन्तरिक विस्थापनहरू निम्त्याएको जनाएको छ। दक्षिण सुडान र ब्राजिलमा बाढी, केन्या र पाकिस्तानमा रेकर्ड तोड्ने तापक्रम र चाड र इथियोपियामा पानीको अभावलाई उद्धृत गर्दै द्वन्द्वबाट विस्थापित तीन चौथाई मानिसहरू मुख्यतः जलवायु परिवर्तनको प्रभावको जोखिममा रहेको जनाइएको छ।

प्रतिवेदनले जलवायु परिवर्तनले विस्थापित समुदायहरू, र द्वन्द्व प्रभावितहरूलाई तुलनात्मक रुपमा धेरै समस्या सामना गर्नु पर्ने जटिलता बढाइ दिएको जनाएको छ। युएनएचसीआरका अनुसार जलवायु परिवर्तनको नतिजालाई अनुकूल बनाउनका लागि उपलब्ध कोषको एक चौथाई मात्र द्वन्द्वबाट खतरामा परेका देशहरूमा पुग्छ, जहाँ प्रायः ठूलो सङ्ख्यामा शरणार्थीहरू बसोबास गर्छन्। कोप- तथा वार्षिक संयुक्त राष्ट्र जलवायु सम्मेलनलाई प्रायः गरिब देशहरूले बढ्दो कठोर जलवायु अवस्थालाई अनुकूल बनाउन धनी राष्ट्रहरूबाट थप कोष व्यवस्थापनका लागि स्थापित मञ्चको रूपमा लिइन्छ। स्थिरता चाहनेहरुले जोखिममा रहेका मानिसहरुको थप विस्थापन रोक्नुका साथै जलवायु वित्तपोषण किनारमा बसोबास गर्ने समुदायहरूमा पुग्न आवश्यक रहेको "संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तका आयुक्त फिलिपो ग्रान्डीले बताउनु भयो। उहाँले जलवायु सम्मेलनमा सहभागीहरूलाई आफ्ना प्रतिज्ञाहरू पूरा गर्न आग्रह गर्दै कोपले प्रतिज्ञा मात्र नगरी वास्तविक कार्य गर्नुपर्ने जनाउनु भएको छ। ब्राजिलको अमेजन वर्षावनमा रहेको बेलेम सहरमा हुने दुई हप्ताको वार्ताका लागि १९० भन्दा बढी देशका करिब ५० हजार सहभागीहरू भेला भइरहेका छन्। उनीहरूले जलवायु सङ्कट र यसका विनाशकारी प्रभावहरूलाई कसरी नियन्त्रण गर्ने भन्ने बारे छलफल गर्नेछन्।

### नाइजेरियामा जिहादी गुटबीचको भीषण युद्ध, करिब २०० जनाको मृत्यु

कानो (नाइजेरिया), २४ कात्तिक (रासस/एएफपी)।

उत्तरपूर्वी नाइजेरियामा प्रतिद्वन्द्वी जिहादी समूहहरूबीच भएको भीषण झडपमा करिब २०० जनाको ज्यान गएको बताइएको छ। अशान्त लेक चाड क्षेत्रमा भएको उक्त रक्तपातपूर्ण सङ्घर्षबारे गुप्तचर निकाय, स्थानीय मिलिसिया र जिहादी स्रोतहरूले सोमबार एएफपीलाई जानकारी दिएका हुन्। बोको हराम र इस्लामिक स्टेट वेस्ट अफ्रिका (आइएसडब्लुएपी) बीच चाड तालको किनारमा अवस्थित डोगोन चिकु क्षेत्रमा आइतबारदेखि भीषण युद्ध सुरु भएको थियो। दुवै समूहबीच वैचारिक विभाजनका कारण लामो समयदेखि तनाव रहँदै आएको भए पनि यसपटक क्षेत्रीय नियन्त्रणका लागि लडाइँ चरममा पुगेको बताइएको छ। नाइजेरियाली सेनालाई सहयोग गर्ने जिहादीविरोधी मिलिसियाका सदस्य बाबाकुरा कोलाले भन्नुभयो, "हामीले प्राप्त गरेको विवरणअनुसार लडाइँमा करिब २०० जना बोको हरामका लडाकू मारिएका छन्।"

त्यसबेलादेखि हिंसक गतिविधि त्यागेर यस क्षेत्रमा जिहादीहरूका गतिविधि निगरानी गर्दै आएका बोको हरामका एक पूर्व लडाकू सादिकुले पनि भन्नुभयो, "झडपमा करिब २०० जना आइएसडब्लुएपीका लडाकू मारिए र उनीहरूको ठूलो मात्रामा हतियार पनि जफत गरियो।" सादिकुका अनुसार बोको हरामले यस युद्धमा आफ्ना चार जना लडाकु गुमायो। उहाँले भन्नुभयो, "दुई समूहले एकअर्कामाथि प्रत्यक्ष आक्रमण गर्न थालेपछि यो पछिल्ला वर्षहरूको सबैभन्दा भीषण झडप हो।" सादिकु हाल बोर्नो राज्यको राजधानी मैदुगुरीमा बसोबास गर्दै आउनुभएको छ। उक्त क्षेत्र लामो समयदेखि इस्लामिक उग्रवादको केन्द्र विन्दु रहँदै आएको छ। यसैबीच, नाइजेरियाको एक गुप्तचर स्रोतले पनि झडपमा '१५० भन्दा बढीको मृत्यु भएको' अनुमान गर्दै घटनाको परिणाम नजिकैबाट पछ्याइरहेको बताएको छ। स्रोतले भनेको छ, "हामी यो लडाइँबारे सचेत छौँ र यसले दुवै समूहको क्षमतामा ठूलो आघात पुऱ्याएको छ, जुन हाम्रो सुरक्षाका लागि सकारात्मक सङ्केत हो।"

आइएसडब्लुएपीले इस्लामिक स्टेटसँग प्रत्यक्ष सम्बन्ध कायम गर्दै अलग्गिएपछि आइएसडब्लुएपी र बोको हरामबीचको वैचारिक मतभेद सन् २०१६ मा सुरु भएको हो। त्यसयता, दुवै समूहबीच चाड ताल क्षेत्रको नियन्त्रणका लागि अनेकौं पटक रक्तपातपूर्ण युद्धहरू भएका छन्। लेक चाड क्षेत्र नाइजेरिया, नाइजर, चाड र क्यामरुनको सीमामा पर्ने रणनीतिक क्षेत्र हो। यहाँ जिहादीहरूले प्रायः आफ्नो गतिविधि सञ्चालन गर्दै आएका छन्। पछिल्ला केही वर्षयता नाइजेरियाली सेनाले उग्रवादीहरूविरुद्ध कारबाही तीव्र पारेको भए पनि बोको हराम र आइएसडब्लुएपीबीचको आन्तरिक सङ्घर्षले क्षेत्रलाई अझ अस्थिर बनाएको छ। स्थानीय बासिन्दाहरूका अनुसार लडाइँपछि धेरै शवहरू अझै पनि क्षेत्रका दलदली भागमा फेला परिरहेका छन् र बाँकी बाँचेकाहरू वरपरका गाउँहरूमा भागेका छन्। सुरक्षाकर्मीहरूले भने अझै पनि युद्धस्थलको नियन्त्रण लिन प्रयास जारी राखेका छन्। यो पछिल्लो घटनाले लेक चाड क्षेत्रको अस्थिर सुरक्षास्थितिलाई फेरि उजागर गरेको छ, जहाँ दशकौंदेखि उग्रवादी हिंसाले हजारौं नागरिकको ज्यान लिइसकेको छ र लाखौंलाई विस्थापित पारेको छ।

# प्रदेश प्रमुखले संविधान विपरीत मुख्यमन्त्री नियुक्त गरे : सात दल

**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**
सप्तरीका सात वटा राजनीतिक दलले मधेश प्रदेशको नयाँ मुख्यमन्त्री नियुक्ति प्रक्रिया गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

जसपा नेपालका अध्यक्ष केदार प्रसाद यादव, नेपाली काँग्रेस सप्तरीका प्रतिनिधि शम्भुलाल देव, नेकपा माओवादीका केन्द्रिय सदस्य अशोक कुमार मंडल, जनमत पार्टीका इन्चार्ज रामगमन साह, नेकपा समाजवादीका अध्यक्ष प्रताप नारायण चौधरी, लोसपा नेपालका अध्यक्ष सुनिलकुमार झा र राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष दिपेन्द्र कुमार चौधरीद्वारा सोमबार जारि संयुक्त विज्ञप्ति मार्फत नयाँ मुख्यमन्त्री नियुक्तिबारे गम्भीर ध्यानाकर्षण भएको जनाइएको हो ।

जारि विज्ञप्तिमा "प्रदेश प्रमुखले संविधान विपरीत र लोकतान्त्रिक मुल्य मान्यताको खिलापमा झूठ, फरेब र धोकाधडीको सहारा लिई अशोभनीय व्यवहार देखाउनु एउटा सभ्य समाजको निम्ति लज्जाको विषय हो ।" भनिएको छ ।

त्यस्तै विज्ञप्तिमा अगाडी भनिएको छ, "संविधानको धारा १६८(२) बमोजिम सरकार बनाउने आधार हुदाहुदै बदनियतपुर्ण तरिकाले दलको कार्यकर्ता झै प्रदेश प्रमुखले मुख्यमन्त्रीको नियुक्ति गर्नु असंवैधानिक र अलोकतान्त्रिक भएकोले यसको घोर भत्सर्ना गर्दछौ । उपचार गराउने नाममा भाग्नु र कटेजमा सपथ खुवाउने कार्यले संघीयता, लोकतन्त्र र संविधानको घोर अपमान गरेको छ ।"

संवैधानिक र लोकतान्त्रिक विधि प्रक्रियावाटै सबै समस्याहरुको समाधान खोज्न सबै पक्षलाई आग्रह गर्दै विज्ञप्तिमा संविधान, लोकतन्त्र र संघीयता माथि प्रहार गर्ने दलको विरुद्धमा एकजुट भई अगाडि बढ्न सबै जनतासंग आग्रह गरिएको छ ।

# मधेश प्रदेशको नयाँ मुख्यमन्त्री नियुक्ति अशोभनिय कार्य : संघीय लोकतान्त्रिक मोर्चा

**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**
संघीय लोकतान्त्रिक मोर्चाले मधेश प्रदेशको नयाँ मुख्यमन्त्री नियुक्ति प्रक्रियाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

मोर्चाका केन्द्रीय सचिवालय संयोजक डा. शिवजी यादवद्वारा सोमबार जारि विज्ञप्तिमा प्रदेश प्रमुखले संविधान विपरीत र लोकतान्त्रिक मुल्य मान्यताको खिलापमा झुट, फरेव र धोकाधडीको सहारा लिई अशोभनीय व्यवहार देखाएकोमा एउटा सभ्य समाजको निम्ति लज्जाको विषय भएको ठहर गरेको छ ।

"संविधानको धारा १६८ (२) बमोजिम सरकार बनाउने आधार हुदाहुदै बदनियतपुर्ण तरिकाले दलको कार्यकर्ता झै प्रदेश प्रमुखले मुख्यमन्त्रीको नियुक्ति गर्नु असंवैधानिक र अलोकतान्त्रिक भएकोले यस्को घोर भत्सर्ना गर्दछौ ।" विज्ञप्तिमा भनिएको छ, "उपचार गराउने नाममा भाग्नु र कटेजमा सपथ खुवाउने कार्यले संघीयता, लोकतन्त्र र संविधानको घोर अपमान गरेको छ । यसर्थ संवैधानिक र लोकतान्त्रिक विधि प्रक्रियावाटै सबै समस्याहरुको समाधान खोज्न सबै पक्षलाई आग्रह गर्दछौ ।"

साथै विज्ञप्तिमा संविधान, लोकतन्त्र र संघीयता माथि प्रहार गर्ने दलको विरुद्धमा एकजुट भई अगाडि बढ्न सबै न्यायप्रेमी जनतासंग आग्रह गरिएको छ ।

# राजविराजमा महिला क्रिकेट सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**
डिस्ट्रिक लेवल गर्ल्स इन्टर हव टी-ट्वान्टी क्रिकेट प्रतियोगिता राजविराजमा सुरु भएको छ ।

स्थानीय पविमाविको खेल मैदानमा सोमबारदेखी सुरु भएको प्रतियोगिताको क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठले उद्घाटन गरेका छन् ।

क्रिकेट संघका केन्द्रिय सदस्य समेत रहेका श्रेष्ठले क्रिकेट खेलमा महिलाको सहभागिता अभिबृद्धि तथा स्तरिय खेलाडी उत्पादन गर्न यस्ता प्रतियोगिताले टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

प्रतियोगिताको उद्घाटन खेलमा पाहुना टोली सिरहाले घरेलु टोली सप्तरीलाई ३ रनले पराजित गरेको छ । टस हारेर पनि व्याटिङ गर्ने अवसर पाएको सिरहाले निर्धारित ओवरमा ८ विकेटको क्षतिमा ८० रनको चुनौती पेश गरेको थियो ।

जवाफी व्याटिङमा उत्रेको घरेलु टोली सप्तरी निर्धारित ओवरमा ८ विकेट गुमाई ७७ रन मात्र बनाउन सफल भएपछी पराजयको सामना गर्नुपऱ्यो ।

यसैगरी सोमबारै सम्पन्न दोश्रो खेलमा मोरङले धनुषालाई ९ विकेटले पराजित गरेको छ । टस जितेर धनुषाले १० ओभर १ बलमा सबै बिकेट गुमाएर २४ रन मात्र बनाउन सकेको थियो । प्रतिउत्तरमा मोरङले २ ओभर २ बलमा १ बिकेटको क्षतिमा बिजयी भएको थियो ।

सबल नेपालको सहयोग, मधेश प्रदेश क्रिकेट संघ तथा सप्तरी क्रिकेट संघको समन्वयमा संचालित प्रतियोगितामा मोरङ, धनुषा, सिरहा र घरेलु टोली सप्तरी गरी कुल चार वटा महिला टिमको सहभागिता रहेको छ ।

लिगकम नकआउट प्रणालीका आधारमा संचालित प्रतियोगिता २७ कात्तिक सम्म चल्ने छ । प्रतियोगितामा निरज सिंह, चन्दन यादव र सन्तोष देवले निर्णायकको भूमिका निर्वाह गरिरहेको आयोजकले जनाएको छ ।



सरकारले करदाता सेवा कार्यालय खारेजी गर्ने निर्णय गरेपछी सप्तरी उद्योग बाणिज्य संघको नेतृत्वमा विगत चार दिनदेखी आन्दोलित बनेका जिल्लाका व्यापारी, उद्योगिहरु राजविराजस्थित गजेन्द्र चौकमा हस्ताक्षर अभियान संचालनका साथै धर्ना दिंदै । *तस्बिर : राजविराज दैनिक*

# दुर्घटनामा १२ जना घाइते

**दैनिक समाचारदाता**
**उदयपुर, २४ कात्तिक ।**
त्रियुगा नगरपालिका बगाहा-४ स्थित गाईघाट कद्माहा सडकखण्डमा सोमबार गाडी दुर्घटना हुँदा १२ जना घाइते भएका छन् ।

गाईघाट बजारबाट सिरहाको लहानतर्फ जाँदै गरेको ना१ज ८३९१ नम्बरको विङ्गर गाडी त्रिनपा-४ को बगाहा सडकखण्डमा अनियन्त्रित भई दुर्घटना भएको हो । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक केदारमान दोङका अनुसार दुर्घटनामा घाइते हुनेमा त्रियुगा-२ का ७७ वर्षीय कमल खड्का, ५७ वर्षीय नरबहादुर खत्री र त्रिपा-१२ का १७ वर्षीया प्रतीजा विक रहेका छन् ।

यसैगरी अन्य घाइतेमा सप्तरीको हनुमान नगरपालिका-२ का २७ विर्षीय उपेन्द्र साह, काठमाडौं गोकर्णेश्वर-२ का ५४ वर्षीय शम्भुप्रसाद पोखरेल, ओखलढुङ्गा खिजीतेम्बा गाउँपालिका-२ का ४५ वर्षीय तीर्थराज घिमिरे, त्रिनपा-७ चुहाडेका २२ वर्षीय केवल ठकुरी, त्रिनपा-११ का ७४ वर्षीय पूर्णबहादुर राई र ६० वर्षीया रामकुमारी राई तथा चालक सप्तरीको हनुमान-२ का २७ वर्षीय उपेन्द्र साह रहेका छन् ।

घाइतेमध्ये चार जनालाई थप उपचारका लागि विराटनगरस्थित न्यूरो अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

# बेवारिसे अवस्थामा पुरुषको शव फेला

**दैनिक समाचारदाता**
**राजविराज, २४ कात्तिक ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बेवारिसे अवस्थामा एक पुरुषकोतयस शव फेला परेको छ ।

वडा नं. ३ जितखोरास्थित सडक छेउमा सोमबार बिहान बेवारिसे अवस्थामा ६० बर्षीय पुरुषको शव फेला परेको हो ।

जितखोरा-भलुवा जाने सडकको दक्षिण किनारमा आइतबार बिहान शव फेला परेको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

उनले मृतकको परिचय खुल्न बाँकी रहेको र शव पोष्टमार्टमका लागि आवश्यक प्रक्रिया अघि बढाईएको प्रहरीले जनाएको छ । स्थानीयका अनुसार ती पुरुष करिब ८/१० दिनदेखि सोही क्षेत्रमा बस्दै आएका थिए ।




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*